कोहलपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ | संख्याः १७ | मितिः २०८०/०६/२६

भाग - ०२

कोहलपुर नगरपालिका

## कोहलपुर नगरपालिकाको गोल्डकप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** कोहलपुर नगरपालिका भित्रका विभिन्न क्लब तथा संघसंस्थाहरुलाई खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि प्रदान गरीने सहयोग तथा अनुदानलाई व्यवस्थित गर्न, खेलकुदको माध्यमबाट नगरको विकास र पहिचान स्थापित गरी खेलकुदको क्षेत्रमा समन्वय, साझेदारी र विकास गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को अधिकार प्रयोग गरी कोहलपुर नगर कार्यपालिकाले "कोहलपुर नगरपालिकाको गोल्डकप सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० जारी गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कोहलपुर नगरपालिकाको गोल्डकप सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० रहेको छ ।

(२)यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिकालाई सम्झनुपर्छ ।

ख) "परिषद" भन्नाले कोहलपुर नगरपालिका खेलकुद विकास परिषदलाई सम्झनुपर्छ ।

ग) "सदस्य" भन्नाले समितिका सदस्यहरुलाई सम्झनुपर्छ ।

घ) "प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुख सम्झनुपर्दछ ।

ङ) "उपप्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

छ) "वडा अध्यक्ष" भन्नाले कोहलपुर नगरपालिका अन्तर्गतको वडाको अध्यक्षलाई सम्झनुपर्दछ ।

ज) "समिति" भन्नाले कोहलपुर नगरपालिका अन्तर्गत गठित कोहलपुर नगर खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

झ) "एन्फा" भन्नाले राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएको फुटबल गतिविधि गर्ने अखिल नेपाल फुटबल संघ लाई सम्झनुपर्छ ।

ञ) "संघ-संस्था" भन्नाले प्रचलित कानून बमोजिम सरकारी निकायमा दर्ता भएका खेलकुद गतिविधि गर्ने संस्थालाई सम्झनुपर्छ ।

ट) "क्लब" भन्नाले तोकिएको निकायमा दर्ता रहेका सबै क्लबलाई सम्झनुपर्छ ।

ठ) "प्रतियोगिता" भन्नाले कोहलपुर नगरपालिकाको सहयोगमा सञ्चालन हुने सबै किसिमका खेलकुद प्रतियोगितालाई सम्झनुपर्दछ ।

३. **कार्यविधिको उद्देश्य:** (१) यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा बाहेक कोहलपुर नगरपालिका गोल्डकप सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछ ।

क) जनस्तरमा खेल संस्कृतिको विकास गर्ने ।

ख) कोहलपुर नगरपालिका तहका खेलाडीहरुलाई खेलकुद प्रतियोगितामा सहभागि गराई प्रोत्साहन गर्ने ।

ग) नगरपालिका क्षेत्रभित्र रहेका खेलकुदको विकासमा योगदान पुर्याउने क्लब, संघ संस्थाहरुसँग साझेदारी, समन्वय र सहयोग गर्ने ।

घ) कोहलपुर नगरपालिकाका बढी भन्दा बढी खेलाडीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी गराई खेलाडीहरुको क्षमता अभिवृद्धि गर्दै प्रतिभावन खेलाडी उत्पादन गर्ने ।

## परिच्छेद - २
## आयोजना तथा व्यवस्थापन

४. **प्रतियोगिताको आयोजना, व्यवस्थापन र निर्देशन समिति :** (१) स्थानीय तहमा गोल्डकप प्रतियोगिता आयोजना सञ्चालन, व्यवस्थापन तथा निर्देशन गर्न देहायका सदस्यहरु रहेको स्थानीय गोल्डकप प्रतियोगिता आयोजना, व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ । समितिले आफ्नो बैठकमा अन्य कुनै विशिष्ट व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

क) नगर प्रमुख ------------------------------------------------------------ संयोजक

ख) नगर उपप्रमुख ------------------------------------------------------- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत ---------------------------------------------- सदस्य

घ) सामाजिक विकास समितिको संयोजक ------------------------------------ सदस्य

ङ) वडाध्यक्ष र कार्यपालिका सदस्यहरु मध्येबाट १ जना महिला समेत रहने गरी संयोजकले तोकेका ३ जना ----------------------------------------------------------------- सदस्य

च) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख --------------- सदस्य

छ) जिल्ला खेलकुद विकास समितिका सदस्यहरुमध्येबाट जिल्ला खेलकुद विकास समितिका अध्यक्षले तोकेको १ जना ------------------------------------------------------- सदस्य

ज) कोहलपुर नगर खेलकुद विकास समितिको अध्यक्ष ---------------------- सदस्य

झ) सम्बन्धित स्थानीय तहमा रहेका सामुदायिक/ संस्थागत विद्यालयहरुका शिक्षकहरु मध्येबाट स्थानीय तहको प्रमुखले कम्तीमा २ जना महिला शिक्षक सहित ४ जना ----------- सदस्य

ञ) स्थानीय तहको शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति --------------- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार आफ्नो कार्यमा सहजीकरण गर्नका लागि देहाय बमोजिमको उपसमिति गठन गर्न सक्नेछ । उपसिमितिमा रहने सदस्यहरु संयोजकले तोके बमोजिम हुनेछन् ।

क) खेलकुद व्यवस्थापन प्राविधिक उपसमिति
ख) प्रचार प्रसार उपसमिति (कार्यकारी समितिले काम कर्तव्य तोक्ने छ)
ग) खेलस्थल व्यवस्थापन उपसमिति
घ) अनुशासन तथा सुरक्षा व्यवस्थापन उपसमिति

५. **<u>प्रतियोगिताको आयोजना, व्यवस्थापन र निर्देशन समितिको काम कर्तब्य र अधिकार :</u>** (१) दफा (४) बमोजिमको आयोजना, व्यवस्थापन तथा निर्देशन समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ।

क) प्रतियोगिता सञ्चालनको लागि स्थान, समय र ढाँचा निर्धारण गर्ने ।
ख) खेल पुर्वाधारको लागि अन्य निकायहरुसँग समन्वय गरी प्रतियोगिता सञ्चालन स्थलको निक्यौंल गर्ने ।
ग) प्रतियोगिता सञ्चालनको लागि प्राविधिक समिति गठन गर्ने साथै प्राविधिक समितिको सिफारिसमा निर्णायक छनौट गर्ने ।
घ) परिषदबाट उपलब्ध अनुदान रकम स्वीकृत गरी खर्च गर्ने साथै विभिन्न प्रायोजनहरुसंग सहकार्य गरी थप आर्थिक स्रोत व्यवस्थापन गर्ने ।
ङ) फुटवल प्रतियोगितमा दर्शकको लागि निशुल्क वा टिकट निर्णय गरी टिकट भए टिकट दर अनिवार्य खुलाउने । साथै विक्रि भएका टिकटको रसिद खाता तयार पार्ने ।
च) खेलकुद अवधिभर सुरक्षा व्यवस्था सुदृढ बनाउनुका साथै अत्यावश्यक स्वास्थ्य सेवा सुनिश्चित गराउने गरी आवश्यक प्रबन्ध गर्ने ।
छ) अन्य सान्दर्भिक विषयमा निर्णय गर्ने ।

## परिच्छेद - ३
## आर्थिक व्यवस्थापन

६. **<u>प्रतियोगिता सञ्चालनको विधि तथा खर्च व्यवस्थापन :</u>** (१) कोहलपुर नगरक्षेत्रभित्र गोल्डकप प्रतियोगिता सञ्चालन गर्नका लागि कोहलपुर नगरपालिकाको नगरसभाबाट आवश्यक बजेट विनियोजन गर्न प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा निर्देशन समितिले आवश्यक समन्वय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विनियोजन भएको रकमबाट नगरपालिकाले गोल्डकप प्रतियोगिता सञ्चालनका लागि नगरपालिका क्षेत्रभित्रको खेलकुदसंग सम्बन्धित क्लब वा संस्था छनौट गर्नका लागि १५(पन्ध्र) दिनको समय दिई सार्वजनिक सुचना प्रकाशन गर्नेछ ।

तर चालु आर्थिक वर्ष २०८०/०८१ को हकमा कुन क्लब वा संघसंस्थासँगको सहकार्यमा सञ्चालन गर्ने हो भन्ने विषय नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम संघसंस्था वा क्लबको निर्णय भैसकेपश्चात सम्बन्धित संघसंस्थाले नगरपालिकाबाट विनियोजित रकम, आफ्नो क्लब वा संस्थाको तर्फको साझेदारी, अन्य सहयोगी संस्थाहरुबाट प्राप्त हुन सक्ने सहयोग रकम समेतको विवरण खुलाई खेलकुदको स्थान, समय, विधि, प्रकृया र कार्ययोजना समेत समावेश गरी स्वीकृतिका लागि दफा (४) बमोजिमको समिति समक्ष पेश गर्नेछ ।

(४) समितिले प्रस्तावनाका विषयमा केही संशोधन वा थपघट गर्नुपर्ने भएमा सुझाव सहित संशोधित प्रस्तावना पेश गर्न सम्बन्धित संघ संस्था वा क्लबलाई आग्रह गर्न सक्नेछ । यसरी संशोधन गर्नु नपर्ने भएमा समितिले प्रस्तावनापत्र स्वीकृतिका लागि नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ र कार्यपालिकाबाट स्वीकृति भए पश्चात कार्यान्वयनमा लगिनेछ ।

(५) प्रस्तावनापत्रमा खर्च प्रस्ताव गर्दा देहायको शीर्षक बाहेकका अन्य शीर्षकमा खर्च गर्न पाइने छैन । प्रतियोगिता सञ्चालनका लागि विनियोजित रकम खर्च गर्दा मितव्ययीता अपनाउनुपर्नेछ ।

क) पुरस्कार वितरण
ख) शिल्ड मेडल प्रमाणपत्र वितरण
ग) खेलाडि प्रशिक्षक निर्णायको दैनिक भत्ता
घ) खेलाडी बसोबास / यातायात / खाना / खाजा
ङ) प्रतियोगिता उद्घाटन / समापन समारोह
च) खेल सामाग्री खरिद
छ) अतिथि सत्कार
ज) अन्य विविध

७. **<u>प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन खर्चको मापदण्ड :</u>** (१) फुटवल प्रतियोगितामा सहभागी खेलाडी/प्रशिक्षक/व्यवस्थापक/निर्णायिकहरुलाई खाना खाजा तथा बसोबासको व्यवस्था प्रतियोगिता सञ्चालनका लागि छनौट भएको क्लव वा संस्थाले गर्नुपर्नेछ ।

(२) दैनिक भत्ता उपलब्ध गराउन चाहे प्राविधिक समितिबाट प्राप्त म्याच रिपोर्टको आधारमा लुम्बिनि प्रदेश खेलकुद नियमावलीले व्यवस्था गरेको खर्च सुविधा अनुसार गर्नुपर्ने छ ।

(३) फुटवल प्रतियोगितामा निर्णायक भई काम गर्ने निर्णायकहरुलाई रेफ्री गरेको दिन मात्र अन्तर्राष्ट्रिय निर्णायकलाई रु ६०० तथा राष्ट्रिय निर्णायकलाई रु ५०० मा नबढ्ने गरी पन्ध्र प्रतिशत कर कट्टा गरी निर्णायक भत्ता उपलब्ध गराउन सकिने यस प्रयोजनको लागि निर्णायकको परिचय खुल्ने परिचय पत्र अनिवार्य संलग्न गर्नुपर्ने छ । आयोजकले फिफाको नियमानुसार थप सुविधा दिन चाहे समितिको निर्णय बमोजिम उपलब्ध गराउन सक्नेछ ।

(४) फुटवल प्रतियोगिता सञ्चालन गर्न स्वयमसेवक आवश्यक पर्ने भए समितिबाट अधिकतम कोटा निर्धारण गरी प्रतियोगिता समाप्त भएको भोलिपल्ट स्वत रद्द हुने गरी काममा खटाउन सकिने यस प्रयोजनको लागि स्यवयमसेवकलाई नगदै वा डोर हाजिरिको आधारमा खाना / खाजा गरी प्रतिदिन रु ६०० मा नबढ्ने गरी खाना बिल संलग्न गर्न सकिने छ । नगद वितरण गर्दा रु ६०० मा अनिवार्य पन्ध्र प्रतिशत कर कट्टा गर्नुपर्ने छ ।

(५) निर्णायकलाई प्रतिव्यक्ति प्रतिदिन रु १००० मा नियमानुसारको १५ प्रतिशत कर कटाई भत्ता उपलब्ध गराउन सकिनेछ । निर्णायकलाई जर्सी लगायतका अन्य सामाग्री दिन उपयुक्त देखिएमा आयोजक क्लब वा संस्थाले भरपाई गराई उपलब्ध गराउन सक्नेछ ।

८. **पुरस्कारको मापदण्ड तथा खर्च मापदण्ड** : (१) प्रतियोगिता अवधिभर खेल संख्या कति हुने भन्ने निर्णय प्राविधिक समितिले गर्नेछ । प्रतियोगितामा विजयी हुने टिम तथा उत्कृष्ट खेलाडीहरुलाई देहाय बमोजिमको दरभन्दा बढी पुरस्कार प्रस्ताव गर्न सकिने छैन । यसरी दिइने पुरस्कारमा ५ लाख राशिभन्दा बढी पुरस्कारको हकमा २५ प्रतिशत कर कट्टी गरिनेछ ।

क. प्रथम पुरस्कार : रु ३ लाख
ख. द्वितीय पुरस्कार : रु १.५ लाख
ग. उत्कृष्ट खेलाडी : ५० हजार
घ. उत्कृष्ट गोलरक्षक : ३० हजार
ङ. उत्कृष्ट फरवार्ड : २५ हजार
च. उत्कृष्ट हाईस्कोरर : ३० हजार
छ. उत्कृष्ट डिफेन्स : २० हजार
ज. म्यान अफ द म्याच(प्रत्येक दिन) : १५ हजार

९. **पेश्की दिन सकिने :** (१) कोहलपुर गोल्डकप सञ्चालनका लागि यस कार्यविधि बमोजिमको प्रकृया पूरा गरी नियमानुसार सम्झौता सकिए पश्चात नगरपालिका तर्फबाट विनियोजित कुल रकमको ५० प्रतिशत रकम पेश्की स्वरुप आयोजक क्लब वा संस्थालाई उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यक्रम सम्पन्न भएपश्चात सम्बन्धित क्लब वा संस्थाले खर्चसँग सम्बन्धित बील भरपाई पेश गरेपश्चात साबिकको पेश्की फर्छ्यौट गरी बाँकी रकम भुक्तानी दिइनेछ ।

(३) यस कार्यविधि बमोजिम प्रतियोगिता सञ्चालनका लागि छनौट भएको क्लब वा संस्थाले कार्य सम्पन्न भएपश्चात प्रतियोगिता अवधिभर भए गरेका खर्च सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्नेछ । यस कार्यविधि बमोजिम कार्यको जिम्मा लिई सम्झौता बमोजिम काम सम्पन्न नगर्ने क्लब वा संस्थालाई कालो सूचीमा राखिनुका साथै नगरपालिकाबाट कुनै पनि किसिमको अनुदान वा सहयोग उपलब्ध गराईने छैन ।

## परिच्छेद - ४
## खेलकुद सामाग्री खरिद तथा व्यवस्थापन सम्बन्धमा

१०. **सामाग्री खरिद सम्बन्धी व्यवस्था :** (१) गोल्डकप प्रतियोगिता सञ्चालनको जिम्मा पाएको संस्थाले खेल सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै अन्य प्रचलित कानुन बमोजिमका प्रकृया पूरा गरी खरिद गर्नुपर्ने छ ।

(२) खरिद गरिएका खेल सामाग्रीहरु सम्बन्धित क्लब वा संस्थाको जिन्सी खातामा आम्दानी जनाई कुनै खेलाडी, प्रशिक्षक वा खेलसँग सम्बन्धित अन्य कुनै व्यक्तिलाई उपलब्ध गराएकोमा नियमानुसार भरपाई गराउनुपर्नेछ । सम्बन्धित क्लब वा संस्थाले भुक्तानीका लागि कागजात पेश गर्दा जिन्सी खातामा आम्दानी बाँधेको अभिलेख समेत संलग्न गर्नुपर्नेछ ।

(३) प्रतियोगिता अवधिभर खरिद भएको खेल सामाग्रीहरु आम्दानी तथा खर्च खाता तयार गरी हिसाव भिडाउने साथै मौज्दात खेलसामाग्री विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद - ५
## विविध

११. **<u>प्रचलित कानून बमोजिम हुने :</u>** (१)यस कार्यविधिमा उल्लेखित विषय यस मापदण्ड बमोजिम र अन्य कुराको हकमा कोहलपुर नगरपालिकाको निर्णय वमोजिम हुनेछ ।

१२. **<u>अनुगमन तथा मूल्याङ्कन :</u>** (१) अनुदान रकमको उद्देश्य अनुरुपको कार्यमा खर्च भए नभएको भन्ने विषयमा समितिबाट नियमित तथा आकष्मिक अनुगमन गरिनेछ । अनुगमनका क्रममा अनुदान रकमको दुरुपयोग हिनामिना भएको पाईएमा प्रचलित कानुन बमोजिम असुल उपर गरी जिम्मेवार कर्मचारी/ पदाधिकारीलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ ।

१३. **<u>बाधा अड्काउ फुकाउने :</u>** (१) गोल्डकप सञ्चालन तथा व्यवस्थापन कार्यविधिका विषयमा कुनै बाधा अड्काउ परी फुकाउनुपर्ने भएमा समितिको सिफारिशमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**प्रमाणीकरण मितिः**
**मितिः २०८०/०६/२५**

**आज्ञाले**
**धोलकराज ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**